निष्पक्ष समाचारको विश्वसनीय माध्यम
हिमाली बेला

5 May, 2018

# पर्यटकहरूलाई आकर्षित गर्दै छाङ्गु झील घिर्लिङ

**गान्तोक, ५ मई (हिस):** पूर्व सिक्किमको चर्चित पर्यटक स्थल छाङ्गु झील, नथुला र बाबा मन्दिरपछि छाङ्गु रोप-वे सेवा अहिले पर्यटकहरूको पहिलो रोजाइ बन्दै गएको छ। गत वर्षको जुलाई महिनामा शुरु भएको छाङ्गु रोप-वे (घिर्लिङ)-बाट अहिले टम्म हिउँले ढाकिएको सेत्ताम्मे टाकुरामा पुगेर मनमोहक दृष्य अवलोकन गर्न र हिउँको आनन्द लिन पर्यटकहरूको घुइँचो लागेको छ।

कन्वेयर एण्ड रोप-वे सर्विसेस प्रालि-ले विकास गरेको यो घिर्लिङका उप-महाप्रबन्धक (व्यवसाय) इन्द्रनाथ घोषले भने, ''अहिले दैनिक रूपमा हरदर दुई सय पचासदेखि तीन सय पर्यटकहरूले घिर्लिङको आनन्द लिइरहेका छन्। पछिल्लो वर्षको तुलनामा यस वर्ष पर्यटकहरूको राम्रो आगमन भइरहेको छ।'' पर्यटकहरूले यहाँ आएर स्विट्जरल्याण्डको आनन्द उठाउन सक्ने उनले दाबी गरे। यसैगरी



छाङ्गु झीलको घिर्लिङ।

घिर्लिङका सह-मालिक केबी गुरुङले भने, ''लगभग आठ वर्ष लगाएर निर्माण कार्य पूरा भएपछि शुरु गरिएको यो घिर्लिङले पर्यटकहरूलाई छुट्टै मनोरञ्जन र आकर्षण प्रदान गर्दैछ। हामीले पर्यटनको क्षेत्रमा प्रकृतिले दिएको सुन्दरतामा थप आकर्षणको रूपमा यसलाई सञ्चालन गर्न पाउँदा खुशी लाग्नका साथै पर्यटकहरूलाई पनि सन्तुष्टि दिन सकिरहेका छौं।'' उनले भविष्यमा यहाँ अझ थप सुविधाहरू जडान गरेर पर्यटकहरूलाई मनोरञ्जन प्रदान गर्ने बताए। १४,५०० फीटको उँचाइमा अवस्थित घिर्लिङको अन्तिम स्टेशन अहिले पूर्ण रूपमा हिउँले ढाकिएको छ जहाँबाट नथुला, दार्जीलिङ, भूटान र चर्चित डोकलामको दृष्य हेर्न सकिन्छ। एशियाकै पहिलो सर्वाधिक उँचाइमा निर्मित यो घिर्लिङ सिक्किममा निर्माण गरिनु पनि एउटा कीर्तिमान नै रहेको गुरुङले बताए। यसरी नै छाङ्गु घुम्न आएका नेपाल चलचित्र सङ्घका अध्यक्ष रामकिशोर बोगटीले घिर्लिङको सवारीपछि यस्तो सुन्दर हिउँले ढाकिएको घिर्लिङ गुड्ने ठाउँ नेपालमा नरहेको मन्तव्य गरे। उनले नेपालको मनोकामनामा मन्दिर जाने घिर्लिङ रहेको भए पनि यहाँ सेत्ताम्मे हिउँबीच घिर्लिङको यात्रा गर्न पाउनु नौलो अनुभव रहेको बताए। आफ्नो तेस्रो पटकको सिक्किम भ्रमण स्मरणीय बनेको बताउँदै एकपल्ट सिक्किम घुम्न आउनुपर्ने ठाउँ रहेको उनले बताए। यसैगरी सिंगापुरमा एक अभियन्ताको रूपमा कार्यरत फ्रान्सका नागरिक निकोलस आफ्नो परिवारसित पहिलोपल्ट सिक्किम भ्रमणमा आएका छन्। उनले सिक्किम आफ्नो अपेक्षाभन्दा सुन्दर पाएको जिकिर गरे। आफूले युरोपमा धेरैपल्ट घिर्लिङको अनुभव लिइसकेको, तर यहाँ पनि आफ्नो परिवारसित घिर्लिङ आनन्द लिनु पाउँदा धेरै खुशी लागेको निकोलसको भनाइ थियो।

उल्लेखनीय छ, एक पटकमा ६ जना यात्रु बस्न सकिने यस घिर्लिङबाट कस्तुरी, मुनाल, डाँफे र विभिन्न प्रजातिका गुरासँको समेत अवलोकन गर्न सकिन्छ।